कुशे गाउँपालिका
Kushe Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
थर्पु भार्मा, जाजरकोट
TharpuBharma, Jajarkot

कर्णालीप्रदेश, नेपाल
Karnali Province, Nepal


पत्र संख्या : २०८३।०८४

चलानी नं

मिति : २०८३।०५।११

## प्रेस विज्ञप्ती ।

मिति २०८३ साल भाद्र १० गते विहान करिव ९:०० वजे छिमेकी मुलुक चीनको तिव्वतवाट सुरु भई रसुवा, नुवाकोट तथा धादिङ्ग लगायतका जिल्लाहरुमा आएको विनाशकारी वाढीले धनजनमा पुर्याएको ठूलो क्षतिप्रति यस गाउँपालिका परिवार गहिरो दु:ख व्यक्त गर्दछ । यस प्राकृतिक विपत्तिको कारण ज्यान गुमाउनुहुने सम्पूर्ण मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं । साथै, वाढीमा परी घाइते हुनु भएका सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

प्राकृतिक विपत्तिवाट वेपत्ता नागरिकहरुको तत्काल खोजी तथा उद्धार, घाइतेहरुको शिघ्र एवं प्रभावकारी उपचार र विस्थापित परिवारलाई आवश्यक सहायताका कार्यहरुमा लाग्न सम्वन्धित सवै पक्षलाई अपिल गर्दै गाउँपालिकाको तर्फवाट पूर्ण ऐक्यवद्धता व्यक्त गर्दछौं ।वाढी प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत तथा पुनर्स्थापनाको कार्यमा सहयोग पुर्याउने उद्देश्यले "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष" मा जम्मा हुने गरी यस गाउँपालिकाको तर्फवाट रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र) उपलव्ध गराउने घोषणा गर्दछौं ।

यस विपद्को कठिन घडीमा धैर्य धारण गर्दै अगाडि वढ्न प्रभावित क्षेत्रका सम्पूर्ण जनसमुदायमा हार्दिक अनुरोध गर्दै स्थानीय प्रशासन, सुरक्षा निकाय, उद्धारकर्मी तथा स्वयंसेवकहरुसँग निरन्तर सहयोग र सहकार्य गर्न गाउँपालिका परिवार तत्पर रहेको व्यहोरा समेत सवैमा जानकारी गराइन्छ ।

..............................
हरिचन्द्र बस्नेत
अध्यक्ष (गा.पा.अध्यक्ष)




Scanned with CamScanner
CamScanner